म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष ११, अंक २९६ | शनिबार २१ जेठ २७७९ | ने. सं. ११४२ तछलाथ्व | 4 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मकवानपुरको पहिलो सगरमाथा आरोही कार्की सम्मानित

हेटौंडा, २० जेठ/मकवानपुरमा पहिलो पटक सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका बिक्रम कार्कीलाई बकैया गाउँपालिकाले सम्मान गरेको छ ।

शुक्रबार गाउँपालिकाले कार्कीलाई नगद १० हजार रुपैयाँ नगदसहित सम्मान गरेको हो । गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्त खत्री, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पुडासैनीले कार्कीलाई दोसल्ला र खादा ओढाएर सम्मान गरेका थिए । सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेर पालिकाको शान बढाएको भन्दै कार्कीलाई कार्यपलिकाको पहिलो बैठक बस्नुअघि सम्मान गरिएको थियो । कार्कीले जेठ ७ गते शनिबार बिहान ११ बजेर २२ मिनेटमा सगरमाथाको सफल आरोहण गरेको जनाइएको छ । बकैया गाउँपालिका-४, गरगरेका कार्की एसएलसी उत्तीर्ण गरेपछि काठमाडौंमा उच्च शिक्षा अध्ययनसँगै पर्वतारोहण व्यवसाय सञ्चालन गर्दै आएका थिए ।

मकवानपुरका स्थानीय तहमा साढे ७ करोड अनुदान बृद्धि

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा आगामी आर्थिक वर्ष २०७९/०८० मा मकवानपुरका स्थानीय तहले थप साढे ७ करोड पाउने भएका छन् ।

संघीय सरकारले स्थानीय तहमा दिँदै आएको समानीकरण अनुदान बृद्धि गरेको हो । चालू आर्थिक वर्ष २०७८/०७९ मा जिल्लाका १० स्थानीय तहका लागि एक अर्ब ३३ करोड १४ लाख अनुदान आएको थियो । आगामी आवका लागि सरकारले ७ करोड ५२ लाख रुपियाँ बृद्धि गरी कुल अनुदान रकम एक अर्ब ४० करोड ६६ लाख रुपियाँ पुऱ्याएको हो ।

मकवानपुरमा आगामी आर्थिक वर्षका लागि सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकाले ३५ करोड ७५ लाख रुपियाँ वित्तीय समानीकरण अनुदान पाउने बजेट भाषणमा उल्लेख छ ।

चालू आवमा हेटौंडाले ३४ करोड ४९ लाखमात्रै पाएको थियो । सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाले आठ करोड १० लाख रुपियाँ पाउने भएको छ । इन्द्रसरोवरले चालू आवमा सात करोड ६५ लाख रुपियाँ अनुदान पाएको थियो । यसैगरी, थाहानगरपालिकाले आगामी आवका लागि १४ करोड ३६ लाख रुपियाँ अनुदान पाउने बजेट भाषणमा उल्लेख गरिएको छ ।

चालू आवभन्दा आगामी आवका लागि थाहानगरपालिकाले ८९ लाख अनुदान बढी पाउन लागेको हो । थाहाले गत आवमा १३ करोड ४७ लाख रुपियाँमात्रै अनुदान पाएको थियो । थाहापछि सबैभन्दा बढी अनुदान पाउनेमा मनहरी र बकैया गाउँपालिका छन् । मनहरीले आगामी आवका लागि १३ करोड ७७ लाख अनुदान पाउँदै छ ।

मनहरीले चालूभन्दा ६६ लाख बढी अनुदान पाउने भएको हो । बकैया गाउँपालिकाले चालूमा भन्दा ७९ लाख बृद्धि भई कूल १३ करोड ४१ लाख अनुदान पाउने बजेट भाषणमा उल्लेख छ ।

बागमती गाउँपालिकाले ११ करोड ९० लाख र भीमफेदी गाउँपालिकाले ११ करोड २३ लाख वित्तीय समानीकरण अनुदान पाउने उल्लेख छ । चालू आवमा बागमतीले ११ करोड १२ लाख र भीमफेदीले १० करोड ५९ लाख अनुदान पाएका थिए । बागमतीलाई ७८ लाख र भीमफेदीलाई ६४ लाख अनुदान बढेको हो । मकवानपुर गढी गाउँपालिकाले ११ करोड १९ लाख अनुदान पाउने भएको हो ।

चालू आवमा १० करोड ५३ लाख पाएको मकवानपुर गढीलाई ६६ लाख अनुदान बढेर आएको हो । राक्सिराङ गाउँपालिकाले १० करोड ७७ लाख वित्तीय समानीकरण अनुदान पाउने भएको हो । चालू आवमा १० करोड १२ लाख अनुदान पाएको र राक्सिराङलाई ६५ लाख अनुदान बढेको हो । आगामी आवका लागि १० करोड १८ लाख अनुदान पाउन लागेको कैलाश गाउँपालिकाले चालूमा भन्दा ७४ लाख अनुदान थप पाएको हो ।

फास्ट ट्र्याक निर्माणको जिम्मा पाएका दुई चिनियाँ कम्पनी निलम्बनमा

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/तराई-मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) सुरुङ निर्माणको जिम्मा पाएका दुई वटा चिनियाँ कम्पनी निलम्बनमा परेको छ । छिटो र गुणस्तरीय काम नगरेको भन्दै चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन र पोली चड्दा इन्जिनियरिङ कर्पोरेसन निलम्बनमा परेको हो ।

द्रुतमार्गको परामर्शदाता योसिन इन्जिनियरिङ करपोरेसन-कोरिया एक्सप्रेस वे कर्पोरेसन एन्ड पियोइ्वा इन्जिनियरिङ कन्सल्टेन्ट जेभीले दुबै कम्पनीलाई गत मे २३ मा पत्र पठाउँदै निलम्बनबारे सूचित गरिएको जनाइएको छ ।

तर, उक्त पत्रमा कहिलेसम्मको लागि निलम्बन गरिएको हो भन्ने बारेमा भने खुलाइएको छैन । निलम्बनपछि दुबै प्याकेजमा निर्माणको काम ठप्प बनेको छ । निर्माण कम्पनीलाई पटक-पटक मौखिक, लिखित तथा प्राविधिकहरूको बैठकमा जानकारी गराउँदासमेत कार्यसम्पादनमा सुधार गर्न चासो नदेखाएको परामर्शद्राताले पठाएको पत्रमा उल्लेख छ । पहिलो प्याकेजमा चाइना स्टेट र दोस्रो प्याकेजमा पोली चड्दाले काम गरिरहेका थिए । ३ वर्षभित्र निर्माण सक्ने गरी २०७८ वैशाख ३१ मा दुबै कम्पनीसँग ठेक्का सम्झौता भएको थियो । तर, सम्झौता भएको एक वर्ष बितिसक्दा निर्माणमा कुनै पनि प्रगति देखिएको छैन ।

निर्माण कम्पनीलाई परामर्शदाताले पठाएको पत्रमा रोजगारदाता र निर्माणकर्ताको संयुक्त सर्वेक्षणबाट सम्झौताअनुसार काम सन्तोषजनक नभएको उल्लेख छ । परामर्शद्राताले निलम्बन गर्नुको कारण निर्माण कम्पनीसँग दक्ष सुरुङ इन्जिनियर नभएको, कमसल काम गरिएको, डिजाइन र कार्यविधिलाई बेवास्ता गरिएको, उपकरण र उचित निर्माण सामग्रीको व्यवस्था र परिचालन नगरिएको जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

औद्योगिक क्षेत्रको विकास गर्न प्रदेश मातहत ल्याउनुपर्छ: मुख्यमन्त्री पाण्डे

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले औद्योगिक क्षेत्रको विकास गर्न प्रदेश सरकारमातहत ल्याउनुपर्ने बताएका छन् ।

शुक्रबार हेटौंडामा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको पाँचौं प्रदेशसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले औद्योगिक क्षेत्रको विकास गर्नको लागि त्यसलाई प्रदेशमातहत ल्याउन आवश्यक रहेको बताएका हुन् । बागमती प्रदेशका चारवटा औद्योगिक क्षेत्र संघीय सरकार मातहत रहेको भन्दै उनले उक्त औद्योगिक क्षेत्रलाई प्रदेश मातहत ल्याउन जरुरी रहेको बताए ।

पाण्डेले औद्योगिक क्षेत्रलाई प्रदेश मातहतमा ल्याएर उत्पादनमूलक उद्योग खोल्ने वातावरण बनाउन प्रदेश सरकार तयार रहेको बताए । औद्योगिक क्षेत्रमा संघीय सरकारको ध्यान पुग्न नसकेको भन्दै उनले प्रदेश मातहत ल्याउन सके प्रदेश सरकारले औद्योगिक क्षेत्रलाई व्यवस्थित गर्ने जिकिर गरे । मजदुरलाई तलिम दिएर मात्र काममा लगाउनको लागि उद्योग पाठशाला खोल्न आवश्यक रहेको उनको भनाई थियो । पाण्डेले चितवन उद्योग वाणिज्य संघलाई उद्योग पाठशाला खोल्न दस लाख रुपियाँ सहयोग गरिसकेको भन्दै अरुले पनि उद्योग पाठशाला सञ्चालन गर्न चाहे प्रदेश सरकारले सहयोग गर्ने बताए ।

पाण्डेले प्रदेश सरकार उद्योगी व्यवसायीको सहयात्री बन्न तयार रहेको बताए । उनले सरकार र निजी क्षेत्र देशको अर्थतन्त्रको दुई मूल आधार भएकाले एकताबद्धरुपमा सहयात्रा गर्न सरकार तयार रहेको बताए । निजी क्षेत्र र सरकार प्रतिस्पर्धीको रुपमा नभएको बताउँदै देशको अर्थतन्त्र बलियो बनाउन सहकार्य जरुरी रहेको उनको भनाई छ । उनले स्वदेशी उत्पादनको प्रबर्द्धन गर्न र कृषि क्षेत्रको उत्पादन बढाउन प्रदेश सरकारले आवश्यक सहयोग गर्न तयार रहेको बताए । उनले उद्योगमैत्री वातावरण तयार पार्न प्रदेश सरकार तयार रहेको बताए । मुख्यमन्त्री पाण्डेले मल कारखाना खोल्नको लागि बंगलादेशबाट कम्पनी प्रदेश सरकारसँग आएको भन्दै नेपालकै उद्योगीहरुलाई त्यसको लागि पहल गर्न पनि आग्रह गरे । उनले प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटको आकार करिब १० अर्ब बढेर आउन सक्नेसमेत बताए । चालू आवमा प्रदेश सरकारको बजेट ५७ अर्बको छ ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले सरकारले आगामी आर्थिक वर्षको बजेटमा उद्योगी व्यवसायीहरुको धेरै समस्याहरुलाई समाधान गर्न प्रयास गरेको बताए । उनले सरकारले बजेटबाट उद्योग तथा वाणिज्य क्षेत्रको समस्या समाधान गर्न तदारुकता देखाएर ल्याएको बजेट कार्यान्वयनको चरण भने हेर्न बाँकी रहेको बताए । गोल्छाले उद्योग क्षेत्रको थप समस्याहरु मौद्रिक नीतिले पनि समाधान गर्ने बताए । अध्यक्ष गोल्छाले उद्योगी व्यवसायीको हित र उद्योग क्षेत्रको विकासका लागि विना धितो लगानीका आधारमा कर्जा प्राप्तिको व्यवस्था, जग्गा प्राप्तिमा सहजता, तरलता अभावको अन्त्य गर्नुनै बताए ।

साना तथा मझौला उद्योगको विकास गर्न सकेमात्र देशको अर्थतन्त्रमा उल्लेख्यरुपमा सुधार आउने उनको भनाइ छ । उनले वर्तमान अवस्थामा भइरहेको तरलता अभावको अन्त्यका लागि बृहत अध्ययन गर्नु पर्ने बताए । निर्यातलाई बढाउन उद्योगीहरुलाई थप सुविधा दिने प्रवृतिको बजेट आएकले यसले अर्थतन्त्रमा केही सुधार पनि हुने अवस्था देखिएको उनले बताए । उद्योग क्षेत्र सरकारलाई कर तिर्न तयार रहेको भन्दै अध्यक्ष गोल्छाले नीजि क्षेत्रसँगको सल्लाह र सहकार्य गर्न सरकारसंग आग्रह गरे ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ट्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

स्थानीय तह सहीद स्मृति गोल्डकप
अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
चौंथो संस्करण-२०७९ मकवानपुर

सहभागी टिमहरु
मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्ड्स् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब

२०७९ जेठ १९ देखि २८ गतेसम्म

स्थान : पिप्ले क्याम्पा रंगशाला | खेल समय : दिउँसो ३ बजे,

मुख्य प्रायोजक :
हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुर

विशेष सहयोगी :
प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा
पुरन बहाद्दुर जोशी
हेटौंडा स्कुल अफम्यानेजमेन्ट

आयोजक
मकवानपुर जिल्ला फुटबल संघ
हेटौंडा

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

तपाईंको स्मार्टफोन हरायो ? फोन खोज्न गुगलको यो फिचर सहयोगी हुनेछ



हामीले धेरै सावधानी अपनाउँदा अपनाउँदै पनि कहिलेकाही विभिन्न कारणले हामीले प्रयोग गरिरहेको स्मार्टफोन हराउन पुग्दछ । आफ्नो फोन हराउँदा फोनको मूल्यका कारण मात्र होइन त्यसमा रहेका आफ्ना निजी तथा महत्वपूर्ण डाटा अन्य व्यक्तिको हातमा पर्ने चिन्ताले पनि हामीलाई निकै तनाव दिन्छ ।

हराएको फोन खोजीका लागि प्रहरीको निवेदन दिनेलगायतका अन्तिम विकल्प त छँदैछन् । तर सुरुमा तपाईंले आफ्नो हराएको फोन कहाँ छ भनेर गुगलको सहयोगमा आफैले ट्र्याक गर्न सक्नुहुन्छ । यदि तपाईंले आफ्नो एन्ड्रोइड फोन हराउनुभयो भने गुगलको इनबिल्ट फिचर Find My Device को सहयोगमा खोजी गर्न सक्नुहुन्छ । यो फिचर लगभग सबै एन्ड्रोइड डिभाइसमा हुन्छ । यसबाट प्रयोगकर्ताले हराएको स्मार्टफोन कहाँ छ भनेर घरबाटै ट्र्याक गरी त्यसलाई टाढाबाटै लक गरेर डाटा पनि डिलिट गर्न सकिन्छ ।

यसका लागि सबैभन्दा पहिले https://www.google.com/android/find वेबसाइटमा लगइन गर्नुपर्दछ । त्यसका अलावा Find My Device एपलाई प्ले स्टोरबाट डाउनलोड पनि गर्न सक्नुहुन्छ । उक्त फिचर प्रयोग गर्नका लागि तपाईंको फोनमा एन्ड्रोइड ८ वा त्यसभन्दा माथिल्लो संस्करणको अपरेटिङ सिस्टम हुनुपर्दछ । त्यसका लागि आफ्नो फोनको सेटिंग्समा गएर Security and Location सेटिंग्समा गई Find My Device अप्सन अन गरेको हुनुपर्दछ । फोन ट्र्याक गर्नका लागि त्यसको लोकेसन पनि अन हुनुपर्दछ । कुनै ब्राउजरमा https://www.google.com.android/find खोलिसकेपछि आफ्नो स्मार्टफोनसँग जोडिएको गुगल अकाउन्ट लगइन गर्नुहोस् । लगइन भैसकेपछि तपाईंको हराएको फोनको लोकेशन, कनेक्टिभिटी तथा ब्याट्री लाइफ पनि देखाउँदछ । बेब पेजको दायाँ भागमा तपाईंको फोनको अहिलेको फोनको लोकेसन देखाउँदछ । लोकेसन पिनमा क्लिक गरेर तपाईंले नेभिगेसन सुरु गर्न सक्नुहुन्छ । Find My Device को सहयोगमा तपाईं आफ्नो फोन लक पनि गर्न सक्नुहुन्छ । साथै फोनमा रहेका डाटा पनि डिलिट गर्न सक्नुहुन्छ । त्यसका लागि तपाईंले Erace Device को अप्सनमा क्लिक गर्नुपर्दछ ।

-एजेन्सीको सहयोगमा

यौन/जीवनशैली

रौं भएको काखी देखाएर मात्रै यी मोडलले कमाइन् साढे चार करोड

ओन्लीफ्यानकी एक मोडलले आफ्नो रौं भएको काखी देखाएर मात्रै आफ्ले दुई वर्षमा तीन लाख पाउन्ड (लगभग ४ करोड ७० लाख रुपैयाँ) कमाएको दाबी गरेकी छिन् । तर यसले आफ्नो यौन जीवन भने ध्वस्त पारेको उनले जिकिर गरेकी छिन् । ओन्लीफ्यान लण्डनस्थित इन्टरनेट सामग्री सदस्यता सेवा हो । कन्टेन्ट निर्माताहरुले आफ्नो सामग्रीको सदस्यता लिने प्रयोगकर्ताहरुबाट पैसा कमाउन सक्छन् ।

२८ वर्षकी फेनेला फक्सले सन् २०१७ देखि आफ्नो काखीको रौं खौरन बन्द गरिन् । उनीप्रति पुरुषको अपेक्षामा विरोधमा उनले यस्तो गरेको बताइन् । केही पुरुषले काखीको रौं ननिकालेने उनको निर्णयको समर्थन गरेका छन् भने कतिले उनलाई 'फोहोरी' को संज्ञा दिएका छन् । पछिल्लो पाँच वर्षमा आफूले दुईपटक मात्रै यौन सम्बन्ध स्थापित गरेको उनले बताएकी छिन् । 'सेभ गर्न छोडेपछि मेरो एकजनासँग सम्बन्ध स्थापित भयो । ती पुरुषले मेरो काखीको रौंमा चुम्बन गरे र मेरो महिला सशक्तिकरण मनपरेको बताएका थिए,' उनले भनिन् । 'उनको यो शब्दले मलाई निकै सम्मान मिलेको महसुस भयो । त्यो अनुभव असाध्यै अप्रत्याशित थियो ।'

उनले थपिन्, 'मैले त्यस्तो धेरै पुरुषहरु भेटें जसले मलाई म 'उन्केलान्दो, फोहोरी र अल्छी' को संज्ञा दिए । कतिले त मलाई मार्ने धम्कीसमेत दिए । कतिले म जीवनभर एक्लो हुने र कोही पनि केटा नपाउने घोषणा पनि गरिदिए ।'

'म आफ्नो काखीको रौंमा निकै खुसी छु । अहिले मलाई यो खासै धेरै जस्तो पनि लाग्दैन तर यसले मलाई बढी सेक्सी भएको महसुस गराउँछ ।' 'आफ्नो काखीलाई सार्वजनिक स्थानमा माथि उठाउँदा मलाई गौरव महसुस हुन्छ विशेषगरी त्यतिबेला जब मजस्तै सोच्ने मानिस मेरा वरिपरि हुन्छन् ।' फेनेलाको ठूलो स्तन भएका कारण उनलाई स्कूलमा धेरैले घुरेर हेर्ने गरेको उनी बताउँछिन् । उनले सन् २०१४ मा क्याम गर्लको रुपमा काम गर्न थालिन् । यहाँ उनले पुरुषलाई देखाउन त सक्थिन् तर कसैले पनि उनलाई छुन सक्दैनथे । त्यसपछि उनले ओन्लीफ्यान जोइन गरिन् । उनका परिवार उनको करियरमा निकै सहयोगी भएको पनि उनले बताइन् ।

मोडलले थपिन्, 'म आफ्नो शरीरमा अति नै आत्मविश्वासी छु । यसका लागि मेरो कामलाई पनि धन्यवाद दिन चाहन्छु । यदि म नग्न हुने अवसर पाएँ भने म त्यो सहर्ष स्वीकार्नेछु ।' 'मलाई नग्न हुन मनपर्छ, न्युडिस्ट एरियामा जान, न्युडिस्ट कार्यक्रममा सहभागी हुन र न्युड फोटोसुट गर्न । हामी सबै नग्न हुन सहज भयौं भने संसार निकै उत्कृष्ट स्थान हुने थियो भन्ने कुरामा म विश्वास गर्छु ।'

उनले अरु महिलालाई पनि आफ्नो शरीरको प्राकृतिक रौंमा सहज हुन आग्रह गरेकी छिन् । 'पुरुषलाई चाहिँ सेभ गर्नु नपर्ने तर महिलाले गर्नुपर्ने ? यो कुरामा मलाई उदेक लाग्छ,' उनले भनिन् ।

- एजेन्सीको सहयोगमा

साहित्य

भष्मकारी

डा.गाणेशकुमार पौडेल

केही पार्टी सरकारमा गए
केही चाही सडकमा रहे
कार्यकर्ता भष्मकारी भएको हुँदा
अति भ्रष्ट नेताजी नेपालमा भए

मृत्युको लागि राम नाम जपिरहेको छ
बृद्ध भई हेर अस्तिपञ्जर भएको छ
आफ्नो लागि होइन मात्र सन्तानको लागि
भष्मकारीको बाउ देव खोज्दै हिडेको छ

हिजो आज सडक आन्दोलन चलिरहेको छ
पागलहरुको सत्ता र भताभा कमी भएको छ
पेट पड्किने गरि गलगित्त भई घिचेर
रिले अन्सनमा भष्मकारी बसेको छ

निमुखाको छातीमा टेक्छ
तिनले पाउने सुविधा छेक्छ
त्यो भ्रष्टाचारी प्रतिनिधि भएर
राहात र सुविधा आफै बोक्छ

दिनपनि रात जस्तै भएको छ
न्याय निसाव सबै हराएको छ
भष्मकारीले हाक्काहाक्की हेरत
लुटपाट मच्याई रहेको छ

कहिले दैविप्रकोपमा पर्नु परेको छ
कहिले इन्द्रको चपेटामा मर्नु परेको छ
भष्मकारी हत्या अपराधले गर्दा
निर्दोष जनता बैतर्नी तर्न परेको छ

मृत्युको कुनै समय सिमा हुदैन
भष्मकारी फेरी हत्पति मर्दै मर्दैन
समाजलाई संधै भरि उसले रुवाएर
कसैलाई पनि सुखले बाँच्न दिदैन

सहमती समजदार गर्ने पनि भन्छ
द्वन्द्व कति चर्काउने हो कुरो पनि गर्छ
गोरुको मोल गर्छ बाह्रै टक्का मात्र
भष्मकारी फेरिस्ता आफ्नै गन्छ

बुद्धि अनि विवेक डोऱ्याउनु पर्छ
आत्मारुपि प्रमात्मालाई खोज्नुपर्छ
भष्मकारी राक्षसी सबभावको हुन्छ
सिध्याउन भगवती बोलाउनु पर्छ

गाउँले सारा रुँदाखेरी भष्मकारी हाँस्छ
गाउँले सारा हाँस्दाखेरी भष्मकारी रुन्छ
संधै भरि काट्टो मात्र खोजेर हिडने
मृतकको घरमा त्यो अगाडिनै धाउँछ

आँखा भिजाउँछ भिज्दैन नानी
अलाप गाउँछ लेग्रो तानी तानी
विभत्स अन्धकारभित्र हुँदा
भष्मकारी आउँछ जानी जानी

रात गएपनि उस्तै छ हाहाकारी
दिन ढलेपनि उस्तै छ भष्मकारी
दुःखि रहेछ निरन्तर अझै घाउ
नुन चुक दल्छ आएर बलात्कारी

नेपाली हामी



अग्रिम लम्साल

कक्षा : ८, नवोदय शिशु सदन

हाम्रो यो देश राम्रो यो देश नेपाली हामी हौं
हिमाली अनि पहाडी देश नेपालमा हामी छौं

नेपाली हामी सबैमा भारी भक्त हाल्छौं कि
अरुको साथ दिनत सधैं अगाडी सर्छौं नि

बुद्धको देश सीताको थलो नेपाली माटोमा
यिनै हुन् शान यो देश हाम्रो हुँदैन घाटामा

साथी र संगी मिली र गरौं देशको हितमा
काम र कर्म मिलेर जाऔं नेपाली गीतमा

दुःख र कष्ट नेपालीहर गर्दछन् जहिल्यै
किसान साथी खेतमा रात बिताउँथे पहिले

एकता छहै माया सबैमा देशको कमाल
गर्व छ मलाई नेपाली म हुँ देशको नेपाल

सम्झनलायक महिनावारी

प्रज्ञा निरौला

मेरो मनको कुनामा उत्साह जारन थालिसकेको छ । एकान्तमा बस्न र घन्टौं ऐनामा हेरेर आफूलाई संसारकै सुन्दरी ठान्न थालिसकेकी छु । किशोरावस्थाको चञ्चलेपनले मनमा अनेकौं सपना आउँछन् अनि जान्छन् । सपना पनि किन जिस्क्याउँछन् होला है! आमाका कस्मेटिक सामग्री जुटाएर आफैलाई सजाउन अनि श्रृंगारमा रमाएर आफैलाई विश्वसुन्दरी ठान्दै संसारभरको खुसीमा उत्सव मनाइरहन मन लाग्छ ।

आमाको बाकसमा भएको सबैभन्दा राम्रो सारी निकालेर लगाउन थाल्छु । यो मनमा कुनै संगीत तरंगित थाल्छ । आफै गीत गाउँछु । शरीरमा देखिएका परिवर्तनले आफैलाई काउकुती लगाइरहेको हुन्छ । आफैसँग आफैलाई लाज लाग्ने कस्तो बेला हो यो खै कुन्नि ? आमाले बेहुली हुँदा लगाउनु भएको रे यो सारी । कुनै कुनामा थन्क्याएको पनि कति वर्ष भयो होला विचरा ! लगाएको भए त म जन्मनुभन्दा अगाडि नै च्यातिसक्थ्यो होला तर जतनसाथ राखेकोले आज मैले मेरो सपना सजाउन पाएकी छु ।

म आफूलाई आमाजस्तै ठान्छु । म पनि ठूली भएँ अब । सायद आमा पनि बेहुली हुँदा यस्तै देखिनु भएको थियो होला । म आफैलाई बेहुली ठान्न थाल्छु । कल्पनामा बेहुलालाई नजिकमा राख्छु अनि खै के-के सोच्न पुग्छु । ऐनामा आफूलाई हेरेर आफ्नै मन अघाउँदैन, खै के भएको हो कुन्नि ? मन खुसी पार्न पहिरन पनि आवश्यक हुने रहेछ कि यो बेला नै उस्तो हो, केही थाहा पाउन सक्दिनँ । खै किन-किन आजकाल खुसीमा फुरुक्कै पररेहेकी छु ! रंगिन सपनामा झुल्दाझुल्दै किशोरावस्थाले छोइसकेको पत्तै नपाई मलाई महिनावारी भयो । छाउगोठमा बसेर आमासँग बिताएका रातहरूले मलाई तर्साउन थाल्यो । म सम्हालिन नसकेर चिच्याएँ आ...मा...!

अचानक चिच्याएको आवाजले होला आमा म भएनेर आउनुभयो । मेरो हालत देखेर थाहा पाइहाल्नु भयो । 'लाः यो त छाउ भइछे, कोठाबाट बाहिर निस्की! भन्दै हतार-हतार बाहिर निकाल्नु भयो । आमाले मलाई छाउगोठतिर पठाउनुभयो । आमासँग जान पाउँदा खुसी हुने म आज आफै भुक्तभोगी भएर जाँदा कति फरक महसुस गरें । नियमित जाने छाउगोठले पनि आज मलाई गिज्याएजस्तै लाग्यो । आफैलाई लाज र डर एकैसाथ लाग्यो तर त्योभन्दा बढी आफैलाई आफ्नो जिन्दगी भारी लागेर आयो ।

साँझ झमक्क पर्न लागेकोले मनमा डर पालेर छाउगोठको कुनामा कुकुवक परेर बसें । छाउगोठका भित्ताका दुङ्गाले मलाई शरीर भरि किचेर बेस्सरी हांसिजस्तै लाग्यो । सास फेर्न पनि उकुसमुकुस गोठभित्र खादिएर बस्दा मैले जीवनमा कति धेरै दुष्कर्म या पाप गरेछु जस्तो लाग्यो अनि फेरि स्कूलमा पढेको पाठको याद आयो- महिनावारी हुनु प्राकृतिक कुरा हो, यसमा कुनै पाप वा धर्म जोडिएको हुँदैन ।

झमक्क साँझ परेको बेलामा आमाले खानेकुरा ल्याएर अलि परै राखिदिनुभो र खा भन्नुभो । हिजोसम्म आमाको काखमा लुटपुट गरेर ममताको ओढ्ने ओडेर संसार जितेकी म आज आफ्नै आमाबाट पनि यति टाढा किन आइपुगें खै थाहा नै पाइनँ । दूध/दही बिना खाना नखाने म आज एक्कासी आमाले ल्याइदिनुभएको सुख्खा रोटी खानु पर्दा मनमा केही भारी चिजले घिचेजस्तै भयो । आमाले भोगेको नियति पनि त यस्तै थियो नि तर आमा कहिल्यै पनि बोल्नु हुँदैन थियो । वर्षैदेखि नियति ठानेर चुपचाप सहनु भएछ, अहिले आफूलाई परेपछि मात्र महसुस भयो । 'नडराई बस्' भन्दै आमा घर जानुभयो । मेरो मनमा एकान्तको त्यो अनकन्टार छाउगोठ भूतजस्तै बनेर तर्साइरहयो । रातभर एकान्त कुनामा भरोसा केही नभएको उजाड जिन्दगीलाई सम्झाउँदै महिनावारी खोलो बनेर बगिरहेको छु- मलाई झस्काउँदै, मलाई सम्झाउँदै । सायद मेरो मानसपटलमा ऋयाङ्गे बनेर मलाई जिस्क्याएर अनि मेरो खिल्ली उडाएर ।

पढेर जानेको कुरा पनि कहाँ सजिलै आफ्नो व्यवहारमा उतार्न सकिंदो रहेछ र ? न मैले आमालाई सम्झाउन सकें, न आफैले आफूलाई परिवर्तन गर्न सकें । केवल मनमा कतै डर अनि कतै भरोसा साँचेर रातभर कुनामा बसिरहें ।

मेरो योनीबाट बगेको रगतको धाराले मलाई आफ्नै दुनियाँमा सोच्न बाध्य बनायो । बयान गरेर गर्ने नसकिने अनुभूति दिलायो । सुखको हो कि दुःखको हो केही पत्तै नपाउने गरी जिन्दगीको समय बगाउन बगिरहयो । लगाएको प्याड भिजिसकेको थियो तर अर्को फेर्नका लागि मसँग केही थिएन । त्यही भिजेको कपडाको टालोको भरमा म रातभर छटपटाइरहें ।

जब-जब मेरो शरीरबाट रगत बगेको आभाष हुन्थ्यो तब-तब म झस्किन्थें छाँगाबाट खसेजसरी । मनमा डर लाग्नुभन्दा पहिले सचेत हुने हो तर डर लागिसकेपछि दुनियाँको कुनै भरोसा वा औषधिले पनि काम गर्न सक्दैन रहेछ । रात बढ्दै जाँदा म डराएर नै अर्धचेत अवस्थामा पुगिसकेकी थिएँ । रातसँग कि खै केसँग डराएँ कुन्नि थाहा नै पाइनँ तर मनमनै मैले मेरो चाहनाको छाउगोठ देखें-

'तपाईलाई यो स्थानमा हार्दिक स्वागत छ' लेखिएको रंगिन थ्यानर एक भव्य भवनको अगाडि गेटैमा टाँगिएको छ । गेटको दायाँबायाँ दुवैतिर मुस्कराउँदै बसेका छन्- आमा र बाबा । 'यो स्वर्गीय भूमिमा स्वागत छ' भन्दै गलामा किशोर र किशोरीले फूलका माला पहिर्याइदिन्छन् अनि अलि अगाडिबाट एक हुल केटाकेटीले तालीको आवाजसँगै जीवनको यौवनावस्थामा प्रवेश गरेकोमा खुसी व्यक्त गर्दै बधाई दिन्छन् ।

मेरो असजिलोपनलाई भगाउँदै मेरै उमेरका साथीहरूले हातमा समाइर नजिकै रहेको धारामा लगेर हातखुट्टा धुन सहयोग गर्छन् । धारामा स्वच्छ पानी अनि साबुनको व्यवस्थापन देखेर मन यसै रमाउँछ । भित्रपट्टि कोठाबाट सुमधुर गीतको ध्वनी आइरहेको छ, सुन्दै आनन्द लाग्ने । किशोर वयका कोही संगीहरू एकअर्कासँग हात समाएर कम्मर मर्काइ-मर्काइ नाचिरहेका छन् । कोही आधुनिक लाइब्रेरीमा विभिन्न किसिमका कथा, कविता, उपन्यास तथा विभिन्न प्रकारका किताबहरू पढिरहेका छन् ।

कोही टेलिभिजनका पर्दामा आफूलाई मनपर्ने चलचित्रहरू हेरिरहेका छन्, कोही आफूलाई मनपर्ने खेलहरू खेलिरहेका छन् । सबै स्वतन्त्र, सबै खुसी, सबै दङ्ग । मलाई उकुसमुकुस भइरहेको छ । दायाँबायाँ हेर्छु, एउटा ट्वाइलेट देख्छु अनि हतार-हतारमा त्यतातिर पस्छु । भित्र जानेबित्तिकै सबै शरीर देखिने ऐनामा आफूलाई अलमल्ल परेको आफ्नै छाया देखेपछि पो मेरो हालत देखेर आफै तर्सिएँ । लामो-लामो सास फेरेर आफूलाई शान्त पारें । त्यहाँ राखिएका प्याडहरू, व्यवस्थापन गर्ने तरिका देखेर मख्ख परें । प्याड कसरी लगाउने भन्ने भिडियो सामग्री पनि त्यही देखें र त्यसमा देखाएजस्तै गरी आफूलाई सरसफाई गरी व्यवस्थित भएर बाहिर साथीहरू भएको ठाउँमा गएँ । अलमलिएको जस्तो देखेर होला एकजना साथीले मलाई हातमा समाएर साथीहरूको बीचमा लगेर परिचित गराइदिइन् ।

'उनी सपना । उनी पनि आजबाट यो किशोरावस्थाको सुरुआत गर्दै हामीजस्तै भएकी छन् । उननलाई आजको यो उल्लासमय दिनमा हार्दिक स्वागत गरौं ।' यति भन्दा भन्दै ताली पटटटटटट बजाएर मलाई टिममा स्वागत गरे, म खुसीले गद्गद् भएँ । 'तिमी यहाँ मन लागेको स्थानमा जान, मन लागेको खाना खान, मन लागेको किताब पढ्न तथा मन लागेको खेल खेल्न सक्छौ । यहाँ कुनै पनि छेकवार छैन । तिमीलाई अनुभूति भएका फरक अनुभवहरू पनि साथीसँग साट्न सक्छौ । कुनै समस्या भयो भने पनि तिमी खुलेर बोल्न सक्छौ । तिमी आफ्नो पहिलो महिनावारी उत्सवलाई जीवनभर सम्झनलायक बनाउन सक्छौ ।

महिनावारी किन र कसरी हुन्छ भन्ने कुराको भिडिओ सन्देश देख्न सक्छौ । यो संसारमा तिमीमात्र होइनौ महिनावारी हुने । संसारभरिका सबै केटीमान्छेहरू किशोरावस्थामा पुगेपछि हुने मासिक चक्रका बारेमा तिमी बुझ्न सक्छौ । आफूले आफूलाई गर्व महसुस गर्न सक्छौ अनि तिमी हामीसँग मनमा लागेका कुरा सोध्न र खेल्न पनि सक्छौ' भन्दै कोही साथीहरूले मलाई भन्दै थिए । कोही खाना बनाउँदै थिए त कोही खेल्दै थिए । साथीहरूले हात समाएर टिभी हेर्ने कोठातिर लगे ।

म त्यहाँ हाम्रो शरीरमा भएको विकास र परिवर्तनका बारेमा भिडिओ हेरेर मख्ख पर्दै थिएँ । नियमित मासिक चक्रका बारेमा जान्दै थिएँ अनि आफैलाई भाग्यमानी ठान्दै थिएँ । महिनावारीका बारेमा र यसको स्वच्छताबारे जानेर यो कुनै पाप या धर्मसँग जोडिएको विषय होइन, यो नियमित र प्राकृतिक रुपमा हुने पवित्र प्रकृया जुन जीवनलाई अगाडि बढाउन र यो धर्तिको निरन्तरताका लागि अपरिहार्य छ । यसबाट नै सुन्दर जीवनको सुरुआत हुन सक्छ भन्ने बुझेर म पनि अरुजस्तै सिकाउन थाल्दै थिएँ ।

-बाँकी ३ पेजमा...

वातावरण

जेसिका श्रेष्ठ

कक्षा : ८ क, नवोदय शिशु सदन

किन हो कुनी बाटो त आचकाल फोहोरले ढाकेको मानिसले किन रोड नै भर्ने फोहोर फालेको

सफा र राम्रो कहाँचै समाज बनेको रहेछ
सुन्दर प्यारो जङ्गल पनि फोहोर भएछ
ठूलाबडा काम गर्नेले पनि फोहोर फाल्छन्
यस्तै भए कस्ले चै समाज सफा है बनाउँछन्

फोहोरले पनि आचकाल सबै देश है भरेको
ती सुन्दर हावा पानी नेताले हो गर्दा मरेको

"ब्याड टच" प्रकरण : "कबड्डी-४" को व्यापारमा कति भयो घाटा ?

काठमाडौं/चलचित्र 'कबड्डी-४' चलिरहेका बेला नायिकामाथि भएको भनिएको दुर्व्यवहारको घटनाले ठूलो चर्चा पायो । घटना चलचित्र निर्माण टिम र दुर्व्यवहार गरेका भनिएका व्यक्तिमा मात्रै सीमित रहेन ।

चलचित्रकी नायिका मिरुना मगर दुर्व्यवहार भएको भन्दै प्रहरीसमक्ष पुगिन् । प्रहरीले आरोपी फुर्पा लामालाई आइतबार पक्राउ समेत गऱ्यो ।

घटनास्थलमा फुर्पाले माफी मागे पनि उनलाई जबरजस्ती आरोप लगाइएको भन्दै नायिका र कबड्डी टिमप्रति लामा समुदायले आपत्ति जनायो । आपत्ति मात्र होइन, लामा समुदाय आन्दोलनमा उत्रियो । उनीहरू सिनेमा हल र चलचित्र विकास बोर्ड घेराउ गर्न पुगे । सिनेमा बहिष्कार गर्ने भन्दै फिल्मको पोस्टर समेत जलाए ।

घटना भएको सिभिल महलको सीसीटीभी फुटेजमा लामाले नायिकामाथि दुर्व्यवहार गरेको प्रष्ट नेदेखिएपछि विरोधको स्वर झन्-झन् चर्किरहेको थियो । त्यही समय (मंगलबार) फुर्पा प्रहरी हिरासतबाट रिहा भए । त्यसपछि नायिका मिरुनासँगै चलचित्र निर्माण पक्ष सहमतिको प्रयासमा जुटयो । अन्ततः दुवै पक्षले एकार्कालाई माफी दिंदै सहमति गरे । एकार्कालाई माफी दिएको हस्ताक्षरसहितको विज्ञप्ति जारी गरे ।

लामा समुदायको प्रदर्शनले चलचित्रलाई ठूलो असर गऱ्यो । मंगलबार केएल टावर र बालाजुका हलबाहिर भएको विरोध प्रदर्शनले शो 'क्यान्सिल' भयो ।

उक्त प्रदर्शनले चलचित्र निर्माण पक्षलाई कति क्षति भयो ? चलचित्र वितरकले खासै ठूलो असर नगरेको दाबी गरे पनि 'ब्याड टच' घटनाले निर्माण पक्षलाई ठूलै घाटा लागेको स्रोतको भनाइ छ । हाउसफुल व्यापार भइरहेका बेला भएको यो घटनाको मारमा निर्माण पक्ष परेको स्रोत बताउँछ ।

'न्यूनतम एक करोड रुपैयाँ ग्रस कलेक्सन विरोधका कारण शो क्यान्सिल हुँदा हुन सकेन । शो क्यान्सिल हुनु र सिनेमा प्रदर्शन गर्न दिँदैनौं भन्दै हलबाहिर प्रदर्शन हुँदा डरले पनि कति दर्शक आउनु भएन,' स्रोत भन्छ, 'यो घटनाले एक करोड कलेक्सन कम हुनु भनेको निर्मातालाई हातमा पर्ने करिब ४५ लाख रुपैयाँ घट्नु हो ।'

कबड्डी-४ ले पाँच दिनमा १२ करोड ५५ लाख रुपैयाँ ग्रस कलेक्सन गरिसकेको छ । यो हालसम्मकै छोटो समयमा भएको धेरै ग्रस कलेक्सन हो ।

ओपनिङ डेज हाउसफुल व्यापार गरेको चलचित्रले चार दिनमै १० करोडको आँकडा पार गरेको हो । चार दिनमा १० करोड ग्रस कलेक्सन गर्ने कबड्डी-४ नेपालमा नै पहिलो चलचित्र हो ।

'चलचित्रले अहिले पनि उत्साहजनक रूपमा व्यापार गरिरहेको छ,' वितरक गोविन्द शाही भन्छन् । यो चलचित्रले ब्यूएफएस चेनमा मात्रै ९८ शो पाएको थियो । यसअघि, सबैभन्दा धेरै शो पाउने चलचित्र 'केजीएफ च्याप्टर-२' थियो । जसले ८० शो पाएको थियो । रामबाबु गुरुङले निर्देशन गरेको चलचित्रमा दयाहाङ राई, मिरुना मगर, सौगात मल्ल, बुद्धि तामाङ, विजय बराललगायत कलाकारको मुख्य भूमिका छ । -साभार: बाह्रबरी

उद्योगको जीर्ण भवन : नेपाल सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट भाषणमा हेटौंडा कपडा उद्योगलाई पुन:सञ्चालन गर्ने घोषणा गरेको छ । कयौं पटक सरकारको बजेटमा परेर पनि सञ्चालननमा आउन नसकेको उद्योग पुन: बजेटमा परेको हो । राजनीतिक खिचातानीले गर्दा २२ वर्षअघि बन्द भएको सरकारी स्वामित्वमा रहेको हेटौंडा कपडा उद्योगको भवन जीर्ण बनिसकेको छ । उद्योगको भवनमा लेउ र झार पलाएर भवन जीर्ण बनेको देखिन्छ । पानी चुहिने जीर्ण भवनका केही भागमा सशस्त्र प्रहरी बल बसिरहेको छ । -तस्विर: साझा कुरा

फेसबुककी सीओओ शेरिल स्याण्डबर्गले दिइन् राजीनामा

काठमाडौं/विश्वको सर्वाधिक लोकप्रिय सामाजिक सञ्जाल फेसबुकको मातृ कम्पनी मेटाकी प्रमुख कार्यसञ्चालन अधिकृत (सिओओ) शेरिल स्याण्डबर्गले पदबाट राजीनामा दिएकी छिन् । पछिल्लो १४ वर्षदेखि उक्त पदमा रहेकी शेरिलले बुधबार राजीनामाको घोषणा गरेकी हुन् । एक फेसबुक पोस्ट मार्फत उनले अब जीवनको नयाँ अध्यायको समय आएको बताएकी छिन् ।

शेरिल स्याण्डबर्ग फेसबुक स्थापना भएको ४ वर्षपछि सन् २००८ मा कम्पनीसँग जोडिएकी थिइन् । आफ्नो लामो कार्यकालमा उनले फेसबुकको डिजिटल विज्ञापन व्यवसायलाई निकै उत्कृष्ट ढंगले सम्हालिन् र कम्पनीलाई नयाँ उचाइँमा पुऱ्याइन् ।

फेसबुकलाई १०० अर्ब डलरको कम्पनीसम्म पूराउनका लागि उनले अहम भूमिका खेलेकी थिइन् । सोही कारण उनी फेसबुक सीईओ मार्क जुकरबर्गपछि कम्पनीमा दोश्रो वरिष्ठ अधिकारीको रूपमा कार्यरत थिइन् ।

मेटाको सिओओ पदबाट राजीनामा दिएपनि कम्पनीको बोर्ड अफ डाइरेक्टर्सको सदस्यको रूपमा भने काम गरिरहने ५२ वर्षकी स्याण्डबर्गले बताएकी छिन् । उनले फेसबुकमा लेखेकी छिन्, 'भविष्यमा के हुन्छ भन्ने कुरा यकिनसाथ त म भन्न सकिदन तर मैले मेरो प्रतिष्ठान तथा परोपकारी कार्यमा ध्यान केन्द्रित गर्ने कार्य यसमा सामेल हुनेछु जुन मेरोलागि पहिलेदेखि नै निकै महत्वपूर्ण छ किनकी यस्तो कार्य महिलाका लागि निकै महत्वपूर्ण छ ।' फेसबुक कम्पनीमा जोडिनु अगाडि स्याण्डबर्ग गुगलमा काम गर्दथिन् । फेसबुकमा आएसँगै युवा सीईओ मार्क जुकरबर्गसँग मिलेर फेसबुकलाई लाभहीन सोसल नेटवर्किङ साइटबाट माथि उठाएर नाफामूलक कम्पनीको रुपमा अगाडि बढाउनु उनको लक्ष्य थियो । उनले उक्त लक्ष्य पूरा गर्दै फेसबुकलाई विज्ञापन दिग्गज बनाउन सहयोग गरिन् र गुगल पछि विज्ञापनबाट धेरै कमाउने कम्पनीको दोश्रो स्थानमा फेसबुक आउन सफल भयो । प्रयोगकर्ताको संख्याको आधारमा पनि फेसबुकले चमत्कार गर्यो । फेसबुकका प्रयोगकर्ताको संख्या अहिले करीब ३ अर्ब छ ।

मेटा को हुनेछन् मेटाको सिर्जेको ?

स्याण्डबर्गको राजीनामा पश्चात् अब जेभिएर ओलिभनले मेटा कम्पनीको नयाँ सिओओको रुपमा जिम्मेवारी सम्हाल्नेछन् । कम्पनीका सीईओ मार्क जुकरबर्गले आफ्नो फेसबुक मार्फत् यस्तो खुलासा गरेका हुन् । अहिलेसम्म उनले फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप तथा मेसेन्जर एपमा काम गरिरहेका थिए । *-एजेन्सीको सहयोगमा*

मेसिनमा बेरिएको धाँगो : हेटौंडा कपडा उद्योगको मेसिनमा २२ वर्षअघि उद्योग बन्द हुनुअघिदेखीका धागो बेरिएको देख्न सकिन्छ । कपडा बुन्नको लागि मेसिनमा बेरिएको कतिपय धाँगो कुहिसकेका छन् । -तस्विर: साझा कुरा

बोलेरो दुर्घटना हुँदा एकजनाको मृत्यु

हेटौंडा, २० जेठ/ पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा उपमहानगरपालिका वडा नम्बर ३ तिनताप्केमा बोलेरो दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

शुक्रबार दिउँसो हेटौंडा बजारतर्फ आउँदै गरेको कुबुरा बोक्ने बोलेरो गाडी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको हो । ना ५ च ३६२७ नम्बरको गाडी तिनताप्के नजिक अनियन्त्रित भई आर्फै दुर्घटना भएको थियो ।

दुर्घटनामा परेर उक्त गाडीमा सवार हेटौंडा उपमहानगर पालिका वडा नम्बर ६ चौघडा घर भएका ३३ वर्षीय गोपाल दाहालको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उक्त बोलेरोका चालकलाई भने प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

नेप्से सूचक ३३ अंकले घटेर २ हजारमा झर्यो

काठमाडौं/शुक्रबार सेयर बजार परिसूचक नेप्से ३३ अंकले घटेर २ हजारको रेञ्जमा झरेको छ ।

केहि दिनयता लगातार ओरालो यात्रामा रहेको नेप्सेमा शुक्रबार थप ३३.७६ अंकले घट्दै २ हजार ७८.७० अंकमा झर्न पुगेको हो ।

योसँगै बजारमा लगानीकर्ताहरु थप पेनिक बन्न पुगेका छन् । यसदिन सबै उपसूचक ऋणात्मक भएर बजार नै रातामम्ले हुन पुगेको छ ।

१३ वटा उपसूचकहरु मध्ये आज सबैभन्दा बढी व्यापार समूहको २.५६ प्रतिशतले घटेको छ भने सबैभन्दा कम होटल तथा पर्यटन समूहको ०.८६ प्रतिशतले घटेको छ । ३३ अंक माथिले नेप्से घटेको आज कारोबार रकम समेत १ अर्ब ३० करोडमा सीमित भएको छ । -साभार: रातोपाटी

स्थानीय तहलाई कोरियामा कामदार पठाउन रोक

काठमाडौं/ सरकारले स्थानीय तहले भगिनी सम्बन्ध कायम गरी दक्षिण कोरियामा कामदार पठाउनु कानुनी र व्यवस्थापकीय रुपमा अनुपयुक्त रहेको भन्दै यसमा रोक लगाएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार सचिवस्तरको निर्णय गरी सबै स्थानीय तहमा पत्राचार गरेको छ, जसमा भगिनी सम्बन्धको आधारमा दक्षिण कोरियामा कामदार पठाउन नमिल्ने उल्लेख गरिएको छ ।

वैदेशिक रोजगार व्यवस्थापन संघीय सरकारको कार्यक्षेत्रमा रहेको र वैदेशिक रोजगारीमा पठाउने कामको नियमन, व्यवस्थापन र कल्याणकारी काम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट भएको पत्रमा उल्लेख गरिएको छ ।

'वैदेशिक रोजगार ऐन २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७५ बमोजिम भगिनी सम्बन्धको आधारमा वैदेशिक रोजगारीको लागि स्थानीय तहले पठाउने अधिकार नदेखिएको' स्थानीय तहमा पठाइएको पत्रमा उल्लेख छ ।

देशका धेरै स्थानीय तहले दक्षिण कोरियाका विभिन्न काउन्टी तथा राज्यसँग भगिनी सम्बन्ध कायम गर्दै ६ महिनासम्म काम गर्ने गरी

कृषि क्षेत्रमा कामदार पठाउँदै आएका थिए । कतिपय स्थानीय तह र जनप्रतिनिधिले यसमा आर्थिक चलखेल गर्ने गरेको गुनासो पनि आएको थियो ।

दक्षिण कोरिया सरकारले आफ्ना प्रदेश र स्थानीय निकायहरूलाई विदेशबाट 'समझदारी' (एमओयू) मार्फत मौसमी कामदार ल्याउन अनुमति दिएको थियो । सोही व्यवस्था अनुसार त्यहाँका काउन्टी र राज्यहरुसँग नेपालका स्थानीय तहको भगिनी सम्बन्ध स्थापना गराउने गिरोह नै संलग्न थियो ।

यसरी कोरिया पुगेका सर्वसाधारण चर्को मूल्य तिरेर जाने हुनाले निर्धारित समय सकिएपछि पनि त्यहीं अवैध रुपमा बस्ने समस्या देखिएको थियो । यसले गर्दा नेपालबाट वैधानिक रुपमा कोरिया कामदार पठाउने प्रणाली इपीएस पनि रोकिने खतरा बढेको थियो । मन्त्रालयले गरेको यो निर्णयसँगै स्थानीय तहका जनप्रतिनिधिहरुको कानुन विपरीत कोरियामा मौसमी कामदार पठाउने धन्दा रोकिने भएको छ । वैदेशिक रोजगार ऐन २०६४ मा नेपालसँग कूटनीतिक सम्बन्ध कायम गरेका मुलुकको सरकारसँग सन्धि वा सम्झौता गरी नेपाल सरकारको कुनै कार्यालय, निकाय वा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको संस्थामार्फत कामदार पठाउन सक्ने व्यवस्था छ ।

तर यो व्यवस्थाले स्थानीय तह वा प्रदेशलाई विदेशमा श्रमिक पठाउन सहमति दिँदैन । स्थानीय तहले मौसमी श्रमिक पठाउने अनुमति माग गरेपनि त्यस्तो अनुमति दिने कानुनी व्यवस्था छैन । -साभार: अनलाइन

'हदम्याद हटाउनु मात्र समाधान होइन'

काठमाडौं/कुनै पनि अपराधको सम्बन्धमा अपराधको 'स्केल' हेरेर त्यसको जानकारी हुने/नहुने भन्ने हुन्छ । कुनै नृशंस खालको छ भने हदम्याद नै राख्निन । जस्तै, कर्तव्य ज्यान मुद्दामा हदम्याद राख्दैनौं । तर, बलात्कारको घटनामा अधिकांशमा कसले गऱ्यो भन्ने थाहा हुन्छ । नकाबै लगाएर गऱ्यो भने अर्कै कुरा भयो, नत्र पीडक थाहा हुन्छ ।

थाहा पाएको विषयवस्तुमा पनि प्रहरीलाई अनुसन्धान गर्न समयावधि राख्ने हो । यो दुईवटा अवस्था बाहेक जाहेरी नै परेको छैन भने कहिलेसम्म कुनैं ? त्यो केस कहिले भयो भन्ने कारणले पनि हदम्याद राखिएको हो ।

त्यसो गरिएन भनेदेखि 'अनसर्टेनिटी' हुन्छ । त्यसले अनुसन्धानलाई नै असर गर्न सक्छ । भनौं न २० वर्ष, २५ वर्ष वा ३० वर्षपछि कसैले यसो गऱ्यो वा उसो भयो भन्यो भने त्यो हो वा होइन भन्ने कुराहरू कसरी प्रमाणित गर्न सकिन्छ ? बलात्कारसँग सम्बन्धित कतिपय कुरा हुन्छन्, जुन तत्काल जाँचबुझ हुनुपर्छ । त्यहाँ स्वास्थ्य परीक्षणको कुरा हुन्छ, घटनास्थलको जाँचबुझदेखि प्राविधिक पक्षको विश्लेषणको कुरा हुन्छ । त्यसैले पनि उजुरी र अनुसन्धानका लागि निश्चित अवधि राखिएको हो ।

भर्खरै फ्रान्सको पनि एउटा समाचार हेर्नुभयो होला, २२ जना युवतीले एकजना कलाकारलाई दुर्व्यवहारको आरोप लगाएका छन् । तर त्यो कुरामा ती कलाकारले मेरो गाली-बेइज्जती भयो भनेर अर्को मुद्दा हालेका छन् । अब के भयो भने त्यहाँ मुद्दा हाल्नलाई हदम्याद थिएन, सम्बन्धित व्यक्तिले नै गालीबेइज्जती भयो भनेकाले के हुने हो भन्ने चर्चा छ ।

त्यहाँ कसैले पनि हदम्यादको बारेमा प्रश्न त उठाएका छैनन् तर यस्ता केसहरू आउँदा यसलाई कसरी हेर्ने भनेर त्यहाँ पनि बहस भइरहेको छ । १०/१५ वर्षपछि नयाँ उजुरी आए भने त्यसको आधिकारिकता के हुन्छ भन्ने विषय पनि छ । -साभार: अनलाइनखबर

सम्झनलायक....

'ल, यो त अझै उठेकी रहिनछ त!' भन्दै आमाले बोलाएको आवाजले झस्किएँ । आमाका हातमा रहेको कपडाको टालो समाएर पर खोल्सामा रहेकोधारामा गएर सरसफाइ गरी आफूलाई व्यवस्थित गरें अनि सपना र विपनाको दोसाँधमा रहेर परिवर्तनका लागि संघर्ष गर्ने निधो गरी धारावाट सिधैं घरतर्फ लागें । आमा कराउँदै हुनुहुन्थ्यो- 'घरमा जानु हुँदैन देउता रिसाउँछन्, अनिष्ट हुन्छ ।' 'आमा केही हुँदैन रे! देउतालाई अघि मैले धारामा भेटेको,' मैले आमालाई भनें ।

'उहिले मलाई सिधैं घरमा गएर बस म रिसाउदिनँ भन्नुभएको छ । अनि तपाईलाई पनि सोध्दै हुनुहुन्थ्यो । अबदेखि तपाई पनि छाउगोठ नबस्नु रे । त्यहाँ त गाईगोरु बस्ने ठाउँ हो रे । मान्छे बस्दा उनीहरू पो रिसाउँछन् रे । सर्प, विच्छि मात्र होइन त्यहाँ त मानिस पनि मुकुन्डो लगाएर लुट्न आउँछन् रे आमा । हाम्रो घर हामी नै बस्न नमिल्ने कहिल्यै हुँदैन रे । भगवानले कहिल्यै पनि छाउगोठ जानुपर्छ भनेर भन्नु हुन्न रे आमा । फोहोर गोठमा बस्दा विभिन्न रोग पनि लाग्छन् रे । सफा भएर घरमा बस भन्नुभाछ के । अनि खानेकुरा पनि सबैथोक खान मिल्छ रे । हामीलाई हरेक असुरक्षाबाट बचाउनका लागि बनाएको घरमा हामी यस्तो बेलामा किन बस्न नहुने हैं ? जनावरहरू चाहिँ सधैं बस्न हुने तर मान्छे चाहिँ किन नहुने भनेर सोध्नु भयो । मैले त जवाफ पनि दिन सकिनँ ।'

आमाले के-के भन्दै हुनुहुन्थ्यो कुन्नि ? म आफ्नो घरमा सधैं सुत्ने कोठामा पुगेर मेरो स्कुलको किताबमा पढ्ने पाठ- प्रजनन स्वास्थ्य र हाम्रो अधिकारका बारेमा पढेर गहिरिएर बुझ्ने प्रयास गर्दैं थिएँ । मेरो भइले मलाई जिस्क्याउँदै थियो । मैले हाँसेर टारिदिएँ अनि खुसीले अँगालोमा बेरें । हाम्रो हाँसोमा बुबा पनि मुस्कुराउँदै हुनुहुन्थ्यो ।

आमा कहिले मलाई त कहिले बुवालाई हेरेर अलमल्ल पर्दै घरभित्र पसेर खाना बनाउन थाल्नु भयो । म ढुक्क भएँ । आमाले मलाई कौतुहलताका साथ हेर्दै भन्नुभयो- 'तैंले साँच्चै भगवान भेटिस् ? कस्तो हुनुहुन्थ्यो हैं ?' मैले खिलखिलाएर जवाफ दिएँ, 'ठ्याक्कै तपाईजस्तो, मायालु ।' *-साभार: सेतोपाटी*

थाहा नगरपालिका जनप्रतिनिधिलाई युवाले दिए विकासको साँचो

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/थाहा नगरपालिकाका प्रमुख तथा उपप्रमुखलाई नगरका युवाले ध्यानाकर्षणपत्रसहित विकासको साँचो बुझाएका छन् ।

शुक्रबार नगरप्रमुख बिष्णुबहादुर बिष्टको कार्यकक्षमा पुगेर युवाको एक समूहले ध्यानाकर्षण पत्रसहित विकासको साँचो बुझाएका हुन् । ध्यानाकर्षण पत्रमा थाहा नगरपालिकाको समग्र क्षेत्रको विकासका लागि स्थानीय जनप्रतिनिधिहरुलाई आग्रह गरिएको छ । 'बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौंबाट समदूरीमा रहेको थाहा नगरपालिका कृषि, धार्मिक, पर्यटन क्षेत्रको सम्भावना प्रचुरमात्रामा रहेको तथा तत्कालिन आम्रा, दामन, पालुङ, टिस्टुङ, बज्रबाराही, चित्लाङ गाबिस मिलेर बनेको नगरपालिका बत्तिमुनिको अँध्यारो भएको भएको छ', ध्यानाकर्षण पत्रमा भनिएको छ । यस्तै नगरको मूल नारा 'कृषि, पर्यटन र पूर्वाधार, थाहा नगरको विकासको आधार' नारामा मात्र सीमित भई कृषिमा रासायनिक मलको अभाव, पर्यटनमा पहाडको रानी भनेर चिनिने दामन सिमभन्ज्याङ क्षेत्र अस्तब्यस्त, कृषि बजारको अभाव, बीउ, सिंचाइको पर्याप्त मात्रामा व्यवस्था नहुनु र थाहाको समृद्धिको नारा चुनावी नारामा मात्र सीमित नहोस भन्दै ध्यानाकर्षण गराएको छ । आगामी ५ वर्षमा थाहाका जनतालै महसुस गर्ने गरी दीर्घकालिन फाइदा तथा रोजगारीको अवसर सृजना गरी औद्योगिकरण गर्दै सडक व्यबस्थित गर्दै उत्कृष्ट नगर बनाउन भनिएको छ । ध्यानाकर्षणपत्रसहित विकासको साँचो ग्रहणपछि थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर बिष्टले थाहा नगरको समग्र विकासका लागि सबै पक्षसँग सहकार्य गरेर अगाडि बढ्ने बताए ।

नगर प्रमुख बिष्टले थाहा नगरको समृद्धिका लागि प्राप्त सकारात्मक सुझावहरुको कार्यान्वयनका लागि आफु प्रतिबद्ध रहेको समेत बताए । नगरप्रमुख बिष्टले युवाका सकारात्मक सुझावले आफुमा काम गर्न उर्जा मिल्ने बताउँदै आगामी ५ बर्ष देखिने काम गर्ने बताए । बिष्टले युवाहरुको मागमा नगरपालिका प्रतिबद्ध रहेको बताउँदै युवाहरुले उठाएका योजनाका बिषय कार्यपालिका बैठकमा समेत छलफल गरिने बताए ।

नगर उपप्रमुख भरत गोपालीको पनि उपस्थितिमा स्थानीय युवा बिक्रम केसी, राजन प्रसाद ढकाल, उद्धव बिडारी, अनिल लामा, युगल ढकाल, बद्री ढकाल लगायतको समूहले ध्यानाकर्षणपत्रसहित विकासको साँचो नगरप्रमुख बिष्टलाई बुझाएका हुन् ।

लागूऔषध गाँजासहित एक जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध गाँजासहित अटो र अटो चालकलाई नियन्त्रणमा लिएको हो । पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१, राप्तीरोडबाट ना २ ह १५०८ नम्बरको अटोमा ५० किलो ४ सय ग्राम गाँजा बरामद भएको मकवानपुर प्रहरीले जनाएको छ । नेवारपानीबाट हेटौंडातर्फ आउँदै गरेको अटोको सुरक्षाजाँच गर्ने क्रममा लागूऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रहरी नायव उपरिक्षक टेक बहादुर काकीले जानकारी दिए ।

उनले अटो चालक भारतको बिहार राज्यको सितामढी जिल्ला ग्राम पञ्चायत नोचा-१०, थानाबेला घर भई हाल महोत्तरी जिल्लाको औरही नगरपालिका-७, सोनामाई बस्ने ३७ बर्षीय राजेश चौधरीलाई पक्राउ गरेको बताए । प्रहरीले पक्राउ परेका चौधरीलाई हिरासतमा राखी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

बीएफसीलाई हराउदै चर्च ब्वाइज बिजयी

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ चौथो संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो खेलमा चर्च ब्वाइज क्लब विजयी भएको छ ।

प्रतियोगिताको दोस्रो दिन शुक्रबार भएको खेलमा बीएफसी चितवनलाई ३-० गोलअन्तरले पराजित गर्दै काठमाडौंको चर्च ब्वाइज क्लब विजयी भएको हो । चर्च ब्वाइजका लागि हेमन्त राना मगरले एक गोल गर्दा आशिष चौधरीले दुई गोलको योगदान दिए । चर्च ब्वाइजका आशिष चौधरी म्यान अफ द म्याच घोषित भए ।

उनले १० हजार रुपैयाँ नगद प्राप्त गरे । अब चर्च ब्वाइजले क्वार्टर फाइनलमा विदेशी एभिनियर एफसीको सामना गर्नेछ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्प र गशालामा भइरहेको प्रतियोगिताको उद्घाटन खेलमा बिहीबार सर्लाहीको बागमती युवा क्लबलाई पराजित गर्दै बाराको नव जनजागृति युवा क्लबले विजयी सुरुवात गरेको थियो ।

१२ वटा टिमको सहभागिता रहेको प्रतियोगितामको फाइनल खेल जेठ ३० गते हुनेछ । मकवानपुरका स्थानीय तहहरु मुख्य प्रायोजक रहेको प्रतियोगिताको विजेताले १५ लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १० लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

प्रतियोगिताको उत्कृष्ट खेलाडीले बुलेट बाइक प्राप्त गर्नेछ । प्रतियोगितामा विभागिय टोलि नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब र सशस्त्र प्रहरी क्लको सहभागिता रहेको छ । त्यस्तैगरी फ्रेण्ड्स क्लबसहित हेटौंडाको एफसी विजय युथ, बागमती युवा क्लब, नव जनजागृति युवा क्लब, बीएफसी चितवन र चर्चब्वाइज क्लबको सहभागिता रहँदा अन्तर्राष्ट्रिय टिमको रुपमा क्यामरुनको एनिनियर एफसीको पनि सहभागिता छ ।

करिब एक करोड १८ लाख रुपैयाँ लागत अनुमान गरिएको प्रतियोगितामा विधागत उत्कृष्ट खेलाडीले नगद २५ हजार रुपैयाँ प्राप्त गर्दा म्यान अफ द म्याचले १० हजार रुपैयाँ नगद पाउनेछ ।

हेटौंडा-१ का वडाध्यक्षलाई सुन्दर सहकारीको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ हेटौंडा-१ स्थित सुन्दर बचत तथा ऋण सहकारी लिमिटेडले हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ मा निर्वाचित वडाध्यक्ष सविन न्यौपानेलाइ स्वागत गरेको छ ।

सहकारीका सचिवसमेत रहेका न्यौपानेलाई शुक्रबार एक कार्यक्रमकाबिच सहकारीले स्वागत गरेको हो । स्वागत ग्रहण गर्दै अध्यक्ष न्यौपानेले चौकिटोल क्षेत्रलाइ सुन्दर रुपमा विकास गर्नको लागि सुन्दर सहकारी नामाकरण गरेर विगत १२ बर्षदेखि सक्रीय रही काम गर्दै आएको प्रतिफलस्वरुप अहिले जनप्रतिनिधि भएर काम गर्न पाएको बताए । सहकारिका अध्यक्ष शम्भु नकर्मिको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका सल्लाहकार नारायण देवकोटा, फणिन्द्र तिमल्सिना, केदारलाल श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

बोरामै कुहिए उत्पादन सामाग्री : उद्योगमा कपडा उत्पादन गर्न ल्याइएका धागो लगायतका सामाग्रीहरु बोरामा कुहिएको अवस्थामा देख्न सकिन्छ । उद्योग सञ्चालन हुँदा ल्याइएका कपडा उत्पादनका सामाग्रीहरु अझैपनि उद्योगभित्र बोरामै ढुँसी पारेर राखिएको छ । -तस्विरः साझा कुरा

श्रमिक मावीलाई पूर्वविद्यार्थीको ५० हजार सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ करीस्थित श्रमिक माविका पूर्वविद्यार्थीले विद्यालयलाई ५० हजार रुपैयाँ सहयोग गरेका छन् ।

शुक्रबार अभिभावक भेला तथा पुरस्कार तथा छात्रवृत्ति वितरण कार्यक्रममा पूर्वविद्यार्थीहरुको श्रमिक क्रियाशील विद्यार्थी समूहले विद्यालयलाई नगद सहयोग गरेको हो । साथै उनीहरुले विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री समेत हस्तान्तरण गरेका छन् । पूर्वविद्यार्थीले विपन्न परिवारका २१ जना विद्यार्थीलाई छात्रवृत्ति समेत प्रदान गर्दै आएको जनाइएको छ । २१ जना विद्यार्थीको वार्षिक शैक्षिक शूल्कवापत ५० हजार रुपैयाँ भुक्तानी गरेको छ ।

समूहले नियमित मासिक बैठक बसेर योजना बनाउनुका साथै ५८ जना सदस्यबाट मासिक दुई सय रुपैयाँ सहयोग संकलन गर्ने गरेको छ । श्रमिक माविबाट एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरुले श्रमिक क्रियाशील विद्यार्थी समूह स्थापना गरेर विद्यालयको शैक्षिक एवम् भौतिक विकासमा सहयोग गर्दै आएको अध्यक्ष सपना लामाले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिको कार्यवाहक अध्यक्ष रिता दाहालको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा अभिभावक भेला भएको थियो ।

अलपत्र मेसिन : २२ वर्षदेखी पूर्ण रुपमा बन्द भएको हेटौंडा कपडा उद्योगको मेसिनहरु अलपत्र अवस्थामा छन् । खियाले मेसिनहरुलाई पुरानो मात्रै बनाएको छैन,कतिपय मेसिनहरु पुन:प्रयोगमा आउनै नसक्ने गरि थोत्रिसकेका छन् । चीन सरकारले दिएको यी मेसिनलाई मर्मत गर्नको लागि चीनबाटै विज्ञ ल्याउनुपर्ने हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका व्यवस्थापक राजेन्द्र कँडेल बताउँछन् । -तस्विरः साझा कुरा

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

कर्मचारी आवश्यकता

यस एभोकाडो तथा अर्किड रिसोर्ट प्रालिलाई केही कर्मचारीहरु आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

अनुभवीलाई विशेष ग्राहयता दिईनेछ

क्र.सं.	पद	संख्या
१.	हाउस किपिङ म्यानेजर	१
२.	हाउस किपिङ सुपरभाइजर	१
३.	सहायक लेखापाल	१
४.	क्यासियर	२
५.	वेल ब्वाई	१
६.	रिसेप्सनिष्ट	२

एभोकाडो एण्ड अर्किड रिसोर्ट प्रा.लि.
सम्पर्क: ०५७-५२०३३५, ०५७-५२०४२९
orchid.hetauda@gmail.com

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१९ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
३ महिना पूरा भएपछि बुस्टर खोप
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।

कोभिड १९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड १९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।
बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाइको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।
खोप लि गुरुपा पाउनुहा | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

ग्रामीण महिला सेवा केन्द्र
हेटौडा-५, मकवानपुर

कर्मचारी आवश्यकता

(प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०२/१९ गते)

यस ग्रामीण महिला सेवा केन्द मकवानपुर जिल्लाकै अग्रणी समुदायमा आधारित गैरसरकारी संस्थाका लागि तपशिलबमोजिमको योग्य जनशक्ति आवश्यक भएकोले इच्छुक योग्य स्थानीय उम्मेदवारबाट **यहि पेष्ट २६ गतेसम्म कार्यालय समय भित्रमा** दरखास्त पेश गर्न आव्हान गरिन्छ ।
पद: प्रसासन तथा वित्त अधिकृत
संख्या: एक (१) जना
न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट बाण्ज्य संकायमा कम्तिमा स्नातक उतीर्ण गरी १ वर्ष अनुभव भएको ।
आवश्यक कागजातहरु
हस्तलिखित निवेदनसहित नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, बायोडाटा (व्यक्तिगत विवरण), पासपोर्ट साइजको फोटो २ प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपी, तालिम तथा कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने ।
फारम बुझाउने स्थान: ग्रामीण महिला सेवा केन्द्र, हेटौडा-५, लठ्ठिनाथ मार्ग

पुजश्च: उच्च शैक्षिक योग्यता, अनुभवी, दलित, महिला तथा अपाङ्गता भएकाहरुलाई विशेष प्राथामिकता दिईनेछ ।

ग्रामीण महिला सेवा केन्द्र मकवानपुर
हेटौडा-५, लट्टिनाथ मार्ग, ०५७-५२४२७८, ९८५५०६११५५

जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हदसम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रक्र्याललाई अवरुद्ध गरेको छ जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं

सामुदायिक कृषि सहकारी संस्था लि.
पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना